# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६ रिब्दीकोट भदौ २५, २०७९ साल संख्याः २**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम **म बनाउँछु मेरो रिब्दीकोट कार्यविधी** सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## म बनाउँछु मेरो रिब्दीकोट कार्यविधी, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।०५।२१

प्रस्तावनाः

जनताहरुमा आफूले गर्न सक्ने स-साना कामहरु समेत सरकारको मुख ताक्ने, पालिका तथा वडालाई गुहार्ने, सरकारी बजेट खर्च गर्ने आम प्रवृत्तिलाई निरुत्साहित गरी स्वयंसेवी भावनाबाट टोल, वडा तथा पालिकाका स-साना कामहरु बिना लगानी सजिलै गर्न सकिने अभियान सार्थक तुल्याउन आर्थिक वर्षको नीति तथा कार्यक्रममा स्वयंसेवी भावनाबाट गाउँपालिका क्षेत्रिभत्र सामाजिक जागरण ल्याउन सामाजिक काममा सक्रिय गराउन रिब्दीकोट गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम “म बनाउँछु मेरो रिब्दीकोट २०७९” रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) “उपाध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले रिब्दीकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) “कार्यक्रम” भन्नाले जनता आफूले गर्न सक्ने स-सानो काम गाउँ टोल समुदायको विकासको लागि स्व-स्फूर्त रुपमा तथा निःशुल्क रुपमा सेवा गर्ने कार्यक्रम भन्ने बुझिन्छ ।

(च) “कर्मचारी” भन्नाले रिब्दीकोट गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

(छ) “वडाअध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाका वडाका वडाअध्यक्षलाई सम्झनुपर्दछ ।

(ज) “जनपद तथा ट्राफिक प्रहरी” भन्नाले रिब्दीकोट गाउँपालिका भित्रका इकाई केन्द्रमा कार्यरत कर्मचारीलाई सम्झनुपर्दछ ।

(झ) "स्वयंसेवक" भन्नाले रिब्दीकोट गाउँपालिका भित्रका गाउँ, टोल, समुदायको विकासको लागि स्वयंसेवीको रुपमा खट्ने सबै मानिसलाई सम्झनुपर्दछ ।

३. उद्देश्यः

यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) आफ्नो विकास आफ्नै लागि हो भन्ने भावना जागृत गराउने ।

(ख) सामाजिक जागरण ल्याउने ।

(ग) स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनलाई अत्यावश्यक क्षेत्रमा खर्च तथा परिचालन गर्न सहयोग गर्ने ।

(घ) आफ्नो ठाउँप्रति गर्व गर्न सक्ने वातावरण तयार गर्ने ।

(ङ) सामूहिक हक हित तथा श्रमदानको प्रचलन हराउँदै गएको अवस्थामा पालिकाले जनतालाई स्वयंसेवी, समाजसेवी, श्रममूलक अभियानमा एकताबद्ध गराउँदै पालिकाको विकास निर्माणमा सहभागी गराउने ।

## परिच्छेद - २
## कार्यक्रम संचालन

४. कार्यक्रम सञ्चालन तरिका :

(क) कार्यक्रम संचालन गर्न १(एक) जना कर्मचारी फोकल पर्सनको रुपमा तोकिने छ ।

(ख) प्रत्येक वडामा कार्यक्रम संचालन गर्न वडा कार्यालयले समेत फोकल पर्सन तोक्न सक्नेछ ।

(ग) यो कार्यक्रम महिनामा कम्तिमा एक पटक पालिका स्तरीय रुपमा संचालन हुनेछ भने वडा कार्यालयहरुले आवश्यकता अनुसार संचालन गर्न सक्नेछन् ।

(घ) कार्यक्रम संचालनका लागि पालिका भर कहाँ के गर्न

आवश्यक छ त्यसको विवरण फोकल पर्सन मार्फत संकलन गरिनेछ। फोकल पर्सनले विवरण माग गरेमा वडा कार्यालयले विवरण उपलब्ध गराउनु पर्नेछ। यसरी विवरण संकलन भइसकेपछि दफा ७ बमोजिमको कार्यक्रम कार्यान्वयन समितिको बैठक बसी कुन स्थानमा के काम गर्ने भन्ने निर्णय गर्नेछ।

(ङ) कार्यक्रममा सहभागिताका लागि गाउँपालिका अध्यक्षले खुला रुपमा आव्हान गर्न सक्नेछ।

(च) कार्यक्रमका लागि आवश्यक पर्ने औजार तथा सामाग्री कार्यालयले व्यवस्थापन गर्नेछ।

(छ) यो कार्यक्रममा सहभागीलाई कार्यालयले चिया खाजाको व्यवस्था गर्न सक्नेछ र अन्य कुनै प्रकारको भत्ता उपलब्ध गराइने छैन।

५. कार्यक्रम अवधि तथा आवद्धता:

आवद्धता आ. व २०७९।०८० देखि निरन्तर सञ्चालन हुनेछ।

❖ यो कार्यक्रम निरन्तर सञ्चालन हुनेछ।

❖ यो कार्यक्रममा गाउँपालिका भित्र वा बाहिरका जो कोही व्यक्ति, समूह, संस्थाले आर्थिक, भौतिक तथा बौद्धिक सहयोग गरी सहभागिता जनाउन सक्नेछ।

❖ कार्यक्रममा उत्कृष्ट सहभागिता जनाउने व्यक्ति, समूह वा संस्थालाई गाउँपालिकाले पुरस्कृत गर्न सक्नेछ।

६. कोषको व्यवस्था:

कार्यक्रम संचालन नि:शुल्क तथा स्वयंसेवी भई स्व-स्फूर्त रुपमा काम गर्ने हुनाले बजेटको कुनै व्यवस्था गरिएको छैन। कार्यक्रम संचालन गर्दा अत्यावश्यक महशुस भई बजेट आवश्यक परेमा कार्यपालिकाबाट निर्णय गराई खर्च गर्न सकिने छ। साथै कार्यक्रमको दीगोपनाका लागि आवश्यक देखिएका गाउँपालिकाले छुट्टै कोषको व्यवस्था समेत गर्न सक्नेछ।

७. यो अभियानमुलक कार्यक्रमलाई व्यवस्थित ढंगले सम्पन्न गर्न म बनाउँछु मेरो रिब्दीकोट कोषबाट खर्च लेख्ने गरी अध्यक्षले एक जना ज्यालादारी कर्मचारी नियुक्त गर्न सक्नेछन् ।

८. कार्यक्रम सञ्चालनसँग सम्बन्धित अन्य व्याख्याहरुः

- ❖ वडागत कार्यक्रम/आयोजनाहरुको प्रभावकारीताका आधारमा कार्यपालिकाको निर्णयबाट उत्कृष्टताको आधारमा पुरस्कृत गर्न सक्नेछ ।
- ❖ यो कार्यक्रममा महत्वपूर्ण योगदान गर्ने अभियन्ताहरुलाई समेत गाउँसभा वा विशेष कार्यक्रमको आयोजना गरी सम्मान गर्न सकिने छ ।
- ❖ यस कार्यक्रम मार्फत पूर्वाधारको मर्मत सम्भार, भूक्षय व्यवस्थापन, पानी मुहान संरक्षण, वृक्षारोपण तथा आयमूलक कार्यक्रम संचालन, वातावरण संरक्षण, जस्ता कार्यक्रमहरु अभियानकै रुपमा संचालन गरिनेछ ।
- ❖ टोल विकास संस्था, आमा समूह, युवा क्लब, स्थानीय स्वयंसेवी संस्था एवं समूहहरुलाई यस अभियानमा प्रमुख प्राथमिकताका साथ परिचालन गरिनेछ ।
- ❖ यो अभियानमुलक कार्यक्रम कार्यान्वयनको दिगोपनको लागि आवश्यकताको आधारमा पालिकाले छुट्टै कोषको व्यवस्था गर्न सक्ने छ ।

९. कार्यक्रम कार्यान्वयन समितिः यस कार्यक्रम कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| गाउँ कार्यपालिकाको अध्यक्ष | संयोजक |
| गाउँ कार्यपालिकाको उपाध्यक्ष | सदस्य |
| गाउँ कार्यपालिकाको वडा अध्यक्षहरु | ८ जना सदस्य |
| गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| कार्यक्रमको फोकल पर्सन | सदस्य सचिव |

१०. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः
यस कार्यविधिमा कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गर्न सहजीकरण गर्ने ।

(ख) कार्यक्रमको बारेमा गाउँ टोल-टोलमा सहजीकरण तथा प्रचार-प्रसार गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयन पश्चात कार्यक्रम समिक्षा गर्ने गराउने ।

(घ) कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहका संघ-संस्थासँग समन्वय गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या आएमा समाधानका उपाय खोजी गरी समाधान गर्ने गराउने ।

(च) कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदन तयार गर्ने ।

११. बैठक तथा सेवा सुविधाः
बैठकः कार्यक्रम कार्यान्वयन समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।
सेवा सुविधाः कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीले यो कार्यक्रमसँग सम्बन्धित बैठक तथा यो कार्यक्रमसँग सम्बन्धित अन्य प्रयोजनको लागि कुनै प्रकारको मौद्रिक सुविधा प्राप्त गर्ने छैनन् ।

## परिच्छेद - ३
## अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

१२. अनुगमन तथा मूल्यांकन :
यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमको नियमित रुपमा अनुगमन हुनेछ । अनुगमनबाट देखिएका कैफियतहरुलाई सुधार गर्दै अगाडि बढ्नको लागि कार्यक्रम कार्यान्वयन समितिले पहल गर्नुपर्नेछ ।

१३. संशोधन तथा खारेजी:

यो कार्यविधिमा कुनै किसिमको संशोधन तथा खारेजी गर्नुपरेमा कार्यपालिकाको निर्णय बमोजिम गर्न सकिनेछ।

आज्ञाले

पवन अर्याल

प्रमुख प्रशासकीय अधिकृत